# बूढानीलकण्ठ नगरपालिका

**बूढानीलकण्ठ नगरकार्यपालिकाको कार्यालयद्वारा प्रकाशित**

# स्थानीय राजपत्र

**खण्डः- ५ संख्याः- ३ मितिः- २०७९/०७/०६**


## भाग-२

## बूढानीलकण्ठ नगरपालिकाको होमस्टे सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७८

### प्रस्तावना

बूढानीलकण्ठ क्षेत्रका स्थानीय जनसमुदायमा स्वरोजगारका अवसर सिर्जना हुने तथा आम्दानी बृद्धिको माध्यमबाट जीवनस्तरमा सुधार ल्याउने, प्राकृतिक, धार्मिक साँस्कृतिक सम्पदाहरूको संरक्षण गर्दै, ग्रामिण तथा सहरी पर्यटनको माध्यमबाट विपन्न, महिला, आदिबासी जनजाती र हालसम्म समेट्न नसकिएको समूहको समेत संलग्नता रहने गरी पर्यटन व्यवसायबाट प्राप्त हुने लाभलाई समुदायको पहुँचभित्र ल्याउने संरचनाको निर्माण र विकास गर्ने नेपाल सरकारको पर्यटन नीति २०६५, अनुसार बूढानीलकण्ठ नगरपालिकाको ग्रामिण

तथा सहरी बस्तीमा पर्यटनको विकास र व्यवस्थापन, नियमन गर्न बूढानीलकण्ठ नगरपालिकाले स्थानीय सरकार सञ्चालन ऐन २ बमोजिम यो कार्यविधि जारी गरिएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ:** (१) यस कार्यविधिको नाम बूढानीलकण्ठ नगरपालिका होमस्टे सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७ड रहेको छ ।

२) यो कार्यविधि बूढानीलकण्ठ नगरकार्यपालिकाले स्थानीय राजपत्रमा प्रकाशन गरेको मितिबाट लागु हुनेछ ।

३) यो कार्यविधि बूढालीकण्ठ नगरपालिका क्षेत्रभर लागु हुनेछ ।

४. परिभाषा: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

**क)** **"नगरपालिका"** भन्नाले बूढानीलकण्ठ नगरपालिकालाई सम्झनुपर्छ ।

**ख)** **"होमस्टे"** भन्नाले पर्यटकलाई आवास, खाना र अन्य सेवा प्रदान गर्ने उद्देश्यले आफ्नै घर समुदायमा निजी वा सामूहिक रूपमा सञ्चालन गरिएको सेवा सम्झनुपर्छ ।

**ग)** **"होमस्टे व्यवस्थापन समिति"** भन्नाले दफा ९ बमोजिम गठन भएको होमस्टे

व्यवस्थापन तथा सञ्चालन समिति सम्झनुपर्छ ।

घ) **“सामुदायिक होमस्टे”** भन्नाले नगरपालिका क्षेत्रमा अलग अलग घर भएका एकभन्दा बढि घर धनिले सामुहिक रूपमा व्यवस्थापन गरी सञ्चालन गर्ने होमस्टेलाई सम्झनुपर्छ ।

ङ) **“निजी होमस्टे”** भन्नाले नगरपालिका क्षेत्रमा एकल रूपमा दर्ता गरि निजिस्तरमा व्यवस्थापन गरी सञ्चालन गर्ने होमस्टेलाई सम्झनुपर्छ ।

च) **“होमस्टे एकाइ”** भन्नाले होमस्टे सञ्चालन गर्ने व्यवस्थापन समितिअन्तर्गत रहेका प्रत्येक घर सम्झनुपर्छ ।

**घ. उद्देश्यः** होमस्टे सञ्चालनका मुख्य उद्देश्यहरू देहायबमोजिमका हुनेछन् ।

क) होमस्टे सञ्चालनमार्फत पर्यटन क्षेत्रको प्रतिफल स्थानीय समुदायमा पुऱ्याउने ।

ख) बूढानीलकण्ठ नगरपालिका अन्तर्गत नगर तथा आसपास ग्रामिण क्षेत्रका

जनतालाई पर्यटन सेवामा सहभागी गराउने ।

ग) होमस्टे सञ्चालन गरी नगरका समुदायलाई स्वरोजगारतर्फ आकर्षित गरी आयश्रोत बृद्धि गरी जीवनस्तर उठाउने ।

घ) बूढानीलकण्ठ क्षेत्रमा पर्यटकको रूपमा आइबस्ने आन्तरिक वा बाह्य पर्यटकलाई स्थानीय जात्रा, पर्व, रिती रिवाज, कला संस्कृति, र धार्मिक ऐतिहासिक विषयहरूबारे जानकारी गराउने ।

ङ) होमस्टेमा बस्ने पर्यटकलाई स्थानीय उत्पादन, खानपान तथा सरल बसाइको स्वाद दिलाउने, यस क्षेत्रको विशेषता उजागर गर्ने ।

च) स्थानीय साना उद्योग तथा उद्यमीहरूबाट उत्पादित कलात्मक कोशेलीहरू विक्री वितरण गरी स्थानीय समुदायको आय बढाउने ।

छ) समुदायमा संग्रहालय तथा सांस्कृतिक घरको निर्माण गरि पर्यटकलाई आकर्षित गर्ने वातावरण सिर्जना गर्ने

तथा फार्मस्टेहरूले सकेसम्म स्थानीय प्राङ्गरिक उत्पालनहरूलाई उपभोग गर्ने ।

## ४. होमस्टेको बर्गिकरणः

क) सामुदायिक होमस्टे : यस कार्यविधिको अनुसुचि ६ मा उल्लिखित कार्यविधि पुरा गरी अलग अलग स्वामित्व भएका एउटै वस्तिभित्रका कम्तीमा पाँच वटा घरधनीले सामुहिक व्यवस्थापनमा गरी सञ्चालन गरेको होमस्टेलाई सामुदायिक होमस्टे मानिन्छ ।

**ख) निजि होमस्टे :** कुनै व्यक्तिले एकल रूपमा दर्ता गरी निजी स्तरमा सञ्चालित होमस्टेलाई निजी होमस्टे मानिनेछ ।

## छ. दर्ताका लागि निवेदन दिने :

१. होमस्टे सञ्चालन गर्न चाहनेले देहायबमोजिमका कागजातसहित अनुसूची-ज्ञ बमोजिमको ढाँचामा नगरपालिका कार्यालयमा निवेदन दिनुपर्दछ ।

## अ. सामुदायिक होमस्टेको हकमा

क) कम्तिमा पाँच जना घरधनीले आ-आफ्नो घरमा सामूहिक रूपमा होमस्टे

सञ्चालन गर्न सहमत भएको लिखित प्रतिबद्धता पत्र,

ख) जग्गा धनी प्रमाण पूर्जाको प्रतिलिपी वा पैत्रिक सम्पत्ति यकिन हुने प्रमाण वा मन्जुरीनामा वा भाडामा भए कम्तिमा छ वर्षको जग्गा भाडा सम्झौता पत्रको प्रतिलिपी,

ग) वडा कार्यालयको सिफारिस,

घ) सामुहिक होमस्टे सञ्चालन गर्न प्रस्तावित विनियम,

ङ) शहरी क्षेत्रभित्र भएमा नक्सापासको प्रतिलिपी,

च) होमस्टे सञ्चालकहरूको नागरिकताको प्रमाण पत्रको प्रतिलिपीसहित निवेदन दिनु पर्नेछ ।

**आ. निजि होमस्टेको लागि :**

क) वडा कार्यालयको सिफारिस पत्र,

ख) जग्गा धनी प्रमाण पूर्जाको प्रतिलिपी वा पैत्रिक सम्पत्ति यकिन हुने प्रमाण वा मन्जुरीनामा वा भाडामन भए कम्तिमा छ वर्षको जग्गा भाडा सम्झौता पत्रको प्रतिलिपी,

ग) शहरी क्षेत्रभित्र भएमा नक्सापासको प्रतिलिपी,

घ) होमस्टे सञ्चालकको नागरिकताको प्रमाण पत्रको प्रतिलिपीसहित निवेदन दिनु पर्नेछ ।

२. उपदफा (१) बमोजिम निवेदन परेमा नगरपालिकाले आफ्नो संयोजकत्वमा, बूढानीलकण्ठ पर्यटन बोर्ड, नगरपालिकाको प्रतिनिधिले निरिक्षण गरी अनुसूची-२ अनुरुपको मापदण्ड पूरा भए/नभएको निरीक्षण गरि प्रतिवेदन तयार पारी कार्यालयमा दिनुपर्नेछ ।

३. कार्यविधि पुरा भएको प्रतिवेदन प्राप्त भएमा नगरपालिकाले तोकेबमोजिम शुल्क लिई अनुसुची-३ बमोजिम होमस्टे सञ्चालनको प्रमाणपत्र दिनु पर्नेछ ।

४. कार्यविधि पुरा नगरेको होमस्टेको हकमा निरीक्षण टोलीको प्रतिवेदनअनुसार आवश्यक सुधार गर्ने समय दिईनेछ र पुनः स्थलगत निरीक्षण गरी अनुसुची -३ बमोजिम दर्ता गरी प्रमाणपत्र दिनु पर्नेछ ।

५. होमस्टे दर्ताको लागि न्युनतम मापदण्डहरू

१. होमस्टे दर्ताको लागि देहाय बमोजिमका न्युनतम मापदण्ड पुरा गर्नुपर्नेछ।

क) पाहुनाको लागि हरेक घरमा कम्तीमा एक कोठा र दुई बेड भएको हुनु पर्ने र बढीमा चारकोठा र आठ बेड मात्र राख्न पाइने,

ख) शौचालय र स्नानगृहको अनिवार्य व्यवस्था हुनुपर्ने,

ग) घरायसी र वातावरणीय सरसफाईको राम्रो व्यवस्था हुनुपर्नेछ र फोहरमैला व्यवस्थापनको लागि कुहिने तथा नकुहिने फोहरको छुट्टाछुट्टै व्यवस्था हुनुपर्ने,

घ) सेवा सुविधा गुणस्तरकको आधारमा खानपानका वस्तुहरू र आवासको आधारमा औचित्वपूर्ण मूल्य सहितको व्यवस्था भएको हुनुपर्ने,

ङ) सञ्चारका न्यूनतम सुविधाहरूजस्तै टेलिफोन वा इन्टरनेटको व्यवस्था भएको हुनुपर्ने,

च) मुसा, लामखुट्टे, उडुस, उपियाँ आदिबाट सुरक्षित हुनुपर्ने, दुर्गन्ध वा गाई भैंसीको गोठबाट टाढा हुनुपर्ने,

छ) सामुदायिक रूपमा प्राथमिक उपचारको व्यवस्था हुनु पर्ने,

ज) खुला नाली र ढल हुन नहुने ।

झ. होमस्टे दर्ताको लागि आवश्यक अन्य मापदण्ड अनुसुची २ बमोजिम हुनेछ ।

**ठ. होमस्टेका मुख्य पर्यटकीय क्रियाकलाप :**

१. स्थानीय होमस्टेले पर्यटकहरूलाइ यस क्षेत्रमा सञ्चालन हुने सांस्कृतिक कार्यक्रम र क्रियाकलाप, परम्परागत खेलमा सहभागी गराउने, उपलब्ध हुने क्षेत्रमा जङ्गल ट्रेक, हाइकिंग, इकोट्रेक तथा दृश्यावलोकनको कार्यक्रमको व्यवस्था गर्नुपर्नेछ ।

२. उपदफा (१) मा लेखिएदेखि बाहेक होमस्टेले देहाय बमोजिमको कार्यक्रमको आयोजना गर्नुपर्नेछः

क) स्थानीय सांस्कृतिक नाचगान तथा फुलमालाका साथ पर्यटकको स्वागत गर्ने,

ख) पर्यटकहरूलाई सामुदायिक भवन वा खुला ठाउँमा मौलिक परम्परा वा सांस्कृतिमा आधारित साँस्कृतिक कार्यक्रमहरूको प्रस्तुती मेला जात्रा

जस्ता गतिविधीहरू आयोजना गरी सहभागी गराउँने ।

ग) जंगल, वन्यजन्तु तथा चरा अवलोकन गर्ने व्यवस्था गर्ने,

घ) स्थानीय कृषि, घरेलु तथा हस्तकला प्रविधि मा सहभागी गराई पर्यटक तथा स्थानीय जनता वीच जीवनशैली, कला संस्कृति आदि विषयमा अनुभव तथा ज्ञानको आदान प्रदान गराउने ।

ङ) पर्यटकको विदाई गर्दा स्थानीय संस्कृति झल्कने मायाको चिनो सहित फुलमाला पहिराउने ।

**ड. होमस्टे दर्ता भएपछि पुरा गर्नुपर्ने अन्य मापदण्डहरू** : होमस्टे सञ्चालकले दर्ता पश्चात पुरा गर्नुपर्ने मापदण्डहरू देहायबमोजिम हुनेछन्,

क) सुरक्षा निकायसँग समन्वय गरि पर्यटक सुरक्षा व्यवस्था मिलाउनु पर्ने,

ख) पर्यटकको स्वास्थ्य स्थितिको पूर्व जानकारी लिई सोहीबमोजिमको खानपानको व्यवस्था गर्नुपर्ने तथा पर्यटक बिरामी भएमा स्थानीय स्वास्थ्य चौकी वा अस्पतालसँग समन्वय गरी उपचारको व्यवस्था गर्ने,

ग) सामुदायिक होमस्टेको लागि कम्तिमा एक सामुदायिक भवन वा हलको व्यवस्था हुनुपर्ने,

घ) हरेक वर्ष लेखा परिक्षण गराउने र पर्यटकको तथ्यांक व्यवस्थित गरि राख्नुपर्ने,

ङ) प्रत्येक वर्षको पौष मसान्तसम्म आन्तरिक राजश्व विभागअन्तर्गतका कार्यालयबाट कर चुक्ता गर्नुपर्ने,

च) हाल सञ्चालित सङ्घीय सरकारका विभिन्न निकायमा दर्ता भएका होमस्टे समेत कर चुक्ता गरी अन्य आवश्यक विवरणसहित नगरपालिकामा दर्ता गर्नुपर्ने,

छ) होमस्टेमा आउने पर्यटकलाई सम्भव भएसम्म प्राकृतिक चिकित्सालगायत अन्य गतिविधिहरू सञ्चालन गरी बसाई दिन लम्ब्याउन पहल गर्नुपर्ने,

ज) होमस्टेको मूल मर्म विपरित वा होटल लजको आकारमा चलेको पाइएमा उक्त होमस्टे खारेज हुने भएकाले त्यस्ता होटल व्यवसायी यथाशिघ्र कम्पनीको रूपमा दर्ता हुनुपर्ने ।

## ढ. होमस्टे व्यवस्थापन तथा सञ्चालन समितिः

१. सामुदायिक होमस्टे सञ्चालन गर्न चाहने सञ्चालकहरूले साधारण भेला गरि देहाय बमोजिमको होमस्टे सञ्चालन तथा व्यवस्थापन समिति गठन गर्नुपर्नेछ ।

क.समुदायको सदस्यहरूबाट एक जना - अध्यक्ष

ख. समुदायको सदस्यहरूबाट एक जना - उपाध्यक्ष

गं समुदायको सदस्यहरूबाट एक जना - सदस्य

घ. समुदायको सदस्यहरूबाट महिला सदस्य - सदस्य

ङ. समुदायको सदस्यहरूबाट एक जना - सदस्य सचिव

२. दफा (१) बमोजिमको समितिको अध्यक्ष वा उपाध्यक्ष मध्ये एक जना महिला अनिवार्य हुनुपर्नेछ ।

३. होमस्टेमा सहभागी हुने घर सङ्ख्याको आधारमा समावेशी हुने गरी समुदायले थप ६ जना सम्म सदस्य चयन गर्न सक्नेछ ।

४. होमस्टे व्यवस्थापन तथा सञ्चालन समितिको काम कर्तव्य र अधिकार देहायबमोजिमको हुनेछः

क. पर्यटकीय कृयाकलापहरू र पर्यटकले पालना गर्नुपर्ने आचारसंहिताको बारेमा जानकारी गराउने ।

ख. आगन्तुक पर्यटकहरूको स्वागत तथा पाहुनाको आवासको व्यवस्था मिलाउने ।

ग. पर्यटकको दर्ता व्यवस्था मिलाउने ।

घ. आय व्ययको श्रेस्ता व्यवस्थित र दुरुस्त राख्ने ।

ङ. प्रत्येक होमस्टेको नियमित अनुगमन गर्ने ।

च. स्थानीय भ्रमण प्याकेजहरूको निर्माण र प्रचार प्रसार गर्ने ।

छ. स्थानीय वातावरण परम्परा तथा संस्कृतिको संरक्षण गर्ने ।

ज. साँस्कृतिक कार्यक्रमहरूको प्रदर्शन तथा व्यवस्थापन गर्ने ।

झ. पर्यटकहरूको स्वस्थोपचार तथा अन्य आकस्मिक सेवाहरूको व्यवस्थापन र समन्वय गर्ने।

ञ. होमस्टेको साइनेज तथा लोकेशन म्याप तैयार गर्ने ।

ट. पर्यटक आवास गृहमा उपलव्ध हुने सुविधा तथा मेनु, मुल्य निर्धाणमा

एकरुपता कायम गर्ने तथा व्यय देखिने बार्षिक प्रतिवेदन नगरपालिकामा पठाउने ।

ठ. प्रत्येक आर्थिक बर्ष समाप्त भएको पैंतिस दिनभित्र पर्यटक सङ्ख्या, प्रमुख क्रियाकलाप आय तथा व्यय देखिने बार्षिक प्रतिवेदन नगरपालिकामा पठाउने ।

ड. होमस्टेको विकास, प्रवर्द्धन तथा व्यवस्थापनका लागि अन्य आवश्यक कार्यहरू गर्ने ।

ढ. जिल्लास्थित होमस्टे समन्वय समिति र केन्द्रमा रहेको पर्यटन मन्त्रालयसँग नियमित सम्पर्क र सञ्चार गर्ने ।

ण. अनुसूची ४. बमोजिमको पाहुनाका लागि आचारसंहिता पाहुनाले देख्ने स्थानमा राख्नुपर्ने ।

त. होमस्टे विकास तथा प्रवर्द्धन तथा व्यवस्थापनका लागि अन्य आवस्यक कार्यहरू गर्ने ।

## १०. अनुगमन तथा निरीक्षण सम्बन्धी व्यवस्थाः

१. नगरपालिका वा बूढानीलकण्ठ पर्यटन बोर्डले आवश्कताअनुसार समय समयमा होमस्टे व्यवस्थापन समितिका कार्यहरू तथा प्रत्येक होमस्टेका एकाइको अनुगमन तथा निरीक्षण गर्नुपर्नेछ।

२. उपदफा (१) बमोजिमको निरिक्षणका क्रममा तोकिएको मापदण्ड पूरा नगर्ने होमस्टेलाई मनासिव माफीकको म्याद दिइ मापदण्ड पूरा गर्न लगाउनु पर्दछ।

३. उपदफा (२) भित्रको म्यादभित्र पनि मापदण्ड कायम गर्न नसकेका होमस्टेलाई नगरपालिकाले निलम्वन वा खारेज गर्न सक्नेछ।

४. स्वीकृत कार्यक्रम तथा बजेटअनुसारको कामको कार्यान्वयनको क्रममा र कार्य सम्पन्न भएपछि सम्बन्धित निकायबाट अनुगमन तथा निरिक्षणको काम हुनेछ।

५. कुनै होमस्टे सञ्चालकले कार्यविधि पालना नगरेको वा सोसम्बन्धी गुनासो आएमा नगरबाट कुनै पनि समयमा निरीक्षण गरी आवश्यक निर्देशन दिन सकिनेछ । सो निर्देशनको पालना गर्नु होमस्टे सञ्चालनको कर्तव्य हुनेछ।

६. होमस्टे सञ्चालकहरू अवाञ्छनीय गतिविधिमा संलग्न भएको पाइएमा उक्त होमस्टेको कानुनबमोजिम कारवाहीसहित दर्ता दारेजी हुनेछ ।

## ११. नविकरण

१. सामुदायिक तथा निजी होमस्टे सञ्चालकले देहाय बमोजिमको कागजात संलग्न गरी हरेक वर्ष होमस्टे नविकरणको लागि नगर कार्यपालिकाको कार्यालयले तोकिएबमोजिमको रकममा रसिद काटी निवेदन दिनु पर्नेछ ।

क) नविकरण अवधिसम्मको लेखा परिक्षण प्रतिवेदन, प्रगति प्रतिवेदन, र होमस्टेले पर्यटनलाई प्रदान गरेको सेवाको विवरण,

ख) सामुदायिक होमस्टेको हकमा होमस्टे व्यवस्थापन तथा सञ्चालक समितिको प्रगति विवरण (पर्यटन पूर्वाधार विकास कार्यक्रम सञ्चालन गरेको भए सोको प्रगति विवरण)

ग) सामुदायिक होमस्टेको हकमा माथिको विवरणसहित होमस्टे व्यवस्थापन समितिको निर्णयको प्रतिलिपी ।

२. उपदफा (१) बमोजिम नविकरणका लागि निवेदन पर्न आएमा नगरपालिकाले संवद्ध होमस्टेको निरिक्षण गरि मापदण्ड पूरा भएको हकमा होमस्टेको नविकरण गर्नेछ र पूरा नभएका होमस्टेहरूका नविकरण हुनेछैन ।

## १२. प्रचार प्रसार तथा बजारिकरणः

होमस्टेको होर्डिङ बोर्ड, साइन बोर्ड, ब्रोशियर, पोष्टर, पम्प्लेट जस्ता प्रचारप्रसारका सामाग्रीहरूको उत्पादन र वेभसाइट, पत्र पत्रीका, रेडियो , टेलिभिजन, उत्सव, मेला, महोत्सव, टूर अपरेटर तथा पत्रकारहरूलाई परिचयात्मक कार्यक्रम, भ्रमण, भ्रमण प्याकेजको निर्माण, तथा विक्री, प्रवर्द्धनजस्ता काम कारबाही बूढानीलकण्ठ नगरपालिका, बूढानीलकण्ठ पर्यटन बोर्ड र होमस्टे व्यवस्थापन समितिहरूसँग सहकार्य गरि प्रचारप्रसार गर्नेछ ।

## १३. होमस्टे एसोसियशन :

होमस्टे सम्बन्धी नीति निर्माण, व्यवस्थापन, होमस्टेहरूको मापदण्डमा एकरुपता तथा अनुगमन कार्यमा नगरपालिकालाई सहयोग पुऱ्याउन होमस्टे सञ्चालकहरूको नगरस्तरिय होमस्टे एसोसियशन हुन सक्नेछ ।

## १४. विविधः

१. प्रसिद्ध धार्मिक तीर्थस्थलमा दर्शनका निम्ति आउने दर्शनार्थी तथा तिर्थालुहरूको बसोवास र खानपीनको व्यवस्था मिलाउन होमस्टे

सञ्चालनको लागि स्थानीय समुदायको समेत अनुरोध भएमा यस कार्यविधिको अन्य व्यवस्थाहरूको अधिनमा रहि सञ्चालन अनुमति दिन सकिनेछ ।

२. होमस्टेमा टाभल एजेन्सीमार्फत् आउने पर्यटकको वीमा गराउने जिम्मेवारी सम्बन्धित ट्राभल एजेन्सीको हुनेछ । व्यक्तिगत रूपमा आउने पर्यटकको हकमा वीमा गर्ने जिम्मेवारी सम्बन्धित पर्यटककै हुनेछ ।

३. होमस्टे सञ्चालन गर्ने सञ्चालकले प्रचलित नेपाल कानुनबमोजिम नेपाल राष्ट्र बैंकको पूर्व स्विकृति लिएर मात्र विदेशी मुद्राको कारोवार गर्नुपर्नेछ ।

४. होमस्टे सञ्चालनसम्बन्धी आधारभूत तालिम नेपाल पर्यटन तथा होटल व्यवस्थापन प्रशिक्षण प्रतिष्ठानलगायत अन्य स्वीकृत प्राप्त तालिम केन्द्रहरूबाट प्राप्त गर्न सकिनेछ।

५. पर्यटकीय गतिविधिमा ने असर पर्ने गरी नाजायज काम (ठगी, चोरी, महिला हिंसा, निकृष्ट बालश्रम, बाल यौन शोषणलगायत सबै खाले बाल हिंसा र अमानविय व्यवहार, वन्यजन्तुको शिकार, अवैध वन पैदावारको कारोवार) गरेको भनि निवेदन पर्न आई सो कसुर ठहर भएमा वा अनुगमनको क्रममा

प्रमाणित भएमा त्यस्तो होमस्टेको सदस्यलाई पुनः होमस्टे सञ्चालन गर्न नपाउने गरि निजको दर्ता खारेज गर्न सकिने छ।

अनुसूची १

(दफा ५ को (१) सँग सम्बन्धित)

होमस्टे दर्ताका लागि दिइने निवेदन

**श्री बूढानीलकण्ठ नगरपालिका कार्यालय,**

हात्तीगौडा, काठमाडौं ।

म/हामीहरूले यसै नगरपालिका वडा नं. ......... टोल/गाउँ ......................मा सञ्चालन गर्न लागेको .... ..... ..... .. ... .. . होमस्टेलाइ बूढानीलकण्ठ होमस्टे सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७८ बमोजिम सामुदायिक/निजी होमस्टेको रूपमा दर्ता गरी पाउन निवेदन गर्दछु/गर्दछौ । म/हामीहरूले होमस्टे सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०७८ को अधिनमा रहि आफ्नो होमस्टे सञ्चालन गर्दछु/गर्नेछौ

निवेदकको

नाम थरः

दरखस्तः

ठेगानाः

मितिः

संलग्न कागजातः

क. होमस्टे सञ्चालन गर्ने निवेदकको नागरिकता प्रमाणपत्रको प्रतिलिपिहरू,

ख. जग्गा धनी प्रमाण पूर्जाको प्रतिलिपी वा पैत्रिक सम्पत्ति यकिन हुने प्रमाण वा मन्जुरीनामा वा भाडामा भए जग्गा भाडा सम्झौता पत्रको प्रतिलिपी,

ग. प्रत्येक घरधनीले होमस्ट सञ्चालन गर्न मञ्जुर गरेको कागजात सहित होमस्टे सञ्चालन तथा व्यवस्थापन समितिको निर्णयको प्रतिलिपी,

घ. व्यवस्थापन समिति गठन तथा दर्ता गर्नेसम्बन्धी स्थानीय भेलाको निर्णय,

ङ. सम्बन्धित वडाको सिफारिस,

च. आधारभूत प्रशिक्षण लिएको भए सोको प्रमाणपत्रको प्रतिलिपि,

छ. फोटो २ प्रति ।

होमस्टे यूनिटहरू दर्ता हुने व्यक्तिहरूको विवरण

| क्र.सं. | सञ्चालकको नाम, थर | ठेगाना | पद | सम्पर्क न |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

**नोटः** सामुदायिक होमस्टेको हकमा होमस्टे व्यवस्थापन समितिको अध्यक्ष वा अधिकार दिएको व्यवस्थापन समितिको सदस्यले निवेदन दिनुपर्नेछ ।

# अनुसूची २

## (दफा ६ सँग सम्बन्धित)

होमस्टे सञ्चालनका आधारभूत मापदण्डः

### १. होमस्टेका लागि घर, कोठा र शैया :

क. प्रत्येक सामुदायिक होमस्टेका लागिभिन्न भिन्न स्वामित्व भएका कम्तीमा ५ वटा घर होमस्टे युनिट हुनु पर्दछ । एकआपसमा सहज पहुँचका लागि बाटोको प्रवन्ध भएको, घरहरू मौलिक संस्कृति झल्किने र हावा हुरी जङ्गली जनावर आदिबाट सुरक्षित हुनुपर्ने, खुला, हिलो तथा धुलो रहित सफा सुघ्घर हुनु पर्नेछ ।

ख. होमस्टेमा पाहुनाका लागि कम्तिमा एउटा अलग्गै कोठा हुनुपर्नेछ ।

ग. होमस्टे सञ्चालन गर्ने एक घरमा बढीमा ४ कोठा पर्यटकका लागि छुट्याउन सकिनेछ ।

घ. एउटा कोठामा बढीमा दुइवटा मात्र ओछ्यान रहनुपर्नेछ। ओछ्यान कम्तिमा ६.५ फिट लम्वाइ र ३ फिट चौडाइको हुनुपर्नेछ।

ङ. भुइँमा कार्पेट वा राडी वा सफा गुन्द्री ओछ्याएको हुनुपर्नेछ।

च. ढोकामा खुट्टा पुछ्ने बोरा वा डोरम्याट भएको हुनुपर्नेछ।

छ. नरम खालको सेतो तन्ना भएको र सेतै खोल भएको ओड्नोको व्यवस्था हुनुपर्नेछ।

ज. भित्तामा बा ढोकाको पछाडी पट्टी लुगा झुण्ड्याउने व्यवस्था भएको हुनुपर्नेछ।

झ. कोठामा विजुली बत्ती वा लालटीन वा मैन बत्ती वा टुकी, पानस बाल्ने व्यवस्था हुनुपर्नेछ।

य. सुत्ने कोठामा धुवाँ आउन नहुने।

ट. सुत्ने कोठामा राम्रा राम्रा दृष्य र स्थानीय संस्कृति झल्कने तस्वीरहरू भएमा राम्रो हुने।

ठ. फोहर फाल्ने एउटा टोकरी ( डस्ट बीन ) को व्यवस्था हुनुपर्नेछ।

ङ. सम्भव भएसम्म प्रत्येक पाहुनाका लागी एक जोर चप्पल (स्लीपर) को व्यवस्था हुनुपर्नेछ ।

ढ. सम्भव भएसम्म भित्तामा एउटा अर्धकद ( आधा शरीर ) देखिने ठूलो ऐना झुण्ड्याएको हुनुपर्नेछ ।

ण. सम्भव भएसम्म सुत्ने कोठामा २ वटा कुर्सी राख्नु राम्रो हुने ।

त. सम्भव भएसम्म सुत्ने कोठामा चिया टेवुल राख्नु राम्रो हुने ।

## २. शौचालय र स्नानघरः

क. सुविधायुक्त र सफा शौचालय हुनुपर्ने ।

ख. होमस्टे सञ्चालन गर्ने घर वा समुदायमा नुहाउने प्रवन्ध (छुट्टै बाथरुम वा कम्तिमा छेकिएर नुहाउन सकिने सुविधायुक्त ठाउँ

ग. स्नानगारमा पानीको बाल्टी , मग, साबुन, रुमाल आदि आधारभूत वस्तुहरू हुनु पर्ने ।

## ३. भान्छा कोठा र खाना खाने व्यवस्थाः

क. पाहुना राख्ने घर, कोठा नजिक गाइ भैंसी अथवा भेडाबाख्रा सुंगुर , कुखुरा आदि बाँध्न वा पाल्न नहुने ।

ख. धेरै धुवाँ नहुने भान्छा (उन्नत वा सुधारिएको चुल्हो भएको ) ।

ग. पानीको सुविधा मिलाउनुपर्ने र खानेपानी फिल्टर गरेर वा उमालेर मात्र दिने ।

घ. स्थानीय खानाको परिकारहरूलाइ स्वस्थकर ढंगले पकाउने र खुवाउने प्रवन्ध हुनुपर्ने ।

ङ. नेपालीहरूलाइ राम्रोसँग पलेटी कसेर खान मिल्ने ठाउँ हुनु पर्ने ।

च. विदेशीलाइ सानो डाइनिंग टेवलको पनि प्रवन्ध भए राम्रो हुने ।

छ. खानपीन विवरण तथा मूल्य निर्धारण गरिएको (मेनु ) हुनुपर्ने ।

## ४. स्वास्थ, सरसफाइ तथा सुरक्षाः

क. मुसा, लामखुट्टे, उडुस, उपियाँ आदिबाट सुरक्षित हुनुपर्ने, दुर्गन्ध वा गाइ भैंसीको गोठबाट टाढा हुनुपर्ने । सामुदायिक रूपमा प्राथमिक उपचारको व्यवस्था हुनु पर्ने, खुला नाली र ढल हुन नहुने ।

ख. वातावरण मैत्रि पर्यटन कृयाकलाप, पर्यटकीय सम्पदाहरूको संरक्षण, सार्बजनिक शौचालयको व्यवस्था, बृक्षारोपण ।

## अनुसूची ३
**(दफा ५ (१) सँग सम्बन्धित)**

नेपाल सरकार
बूढानीलकण्ठ नगरपालिका
नगरकार्यपालिकाको कार्यालय,
हात्तीगौडा, काठमाण्डौ
बाग्मती प्रदेश, नेपाल

### होमस्टे सञ्चालन प्रमाणपत्र

प्रमाणपत्र संख्या मितिः

..........................................लाई बूढानीलकण्ठ नगरपालिकाको होमस्टे सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०७८ मा व्यवस्था भएअनुसार सामुदायिक/निजि होमस्टेका रूपमा दर्ता /नविकरण गरी यो प्रमाणपत्र प्रदान गरिएको छ।

१. सदस्यको नामः
२. ठेगानाः
३. मान्य अवधिः देखि सम्म।

प्रमाणपत्र जारी गर्ने अधिकारी
नामः
पदः
हस्ताक्षरः
मितिः

## HOME STAY OPERATION CERTIFICATE

………………………………………………….. home stay is registered/renewed as a community/private home stay under home stay operation management standard 2078 B.S.

1. Name of the owner:
2. Address of the owner:
3. Valid up to:

Officer issuing the certificate:

Name :
Designation :
Signature :
Date

नविकरण

| नविकरण गर्ने अधिकारी | नविकरण गरेको मिति | नविकरण मान्य अवधि | नविकरण दस्तुर र भौचर नं. र मिति | नविकरण गर्ने अधिकारी |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

| | | | | |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

**शर्तहरूः**

- व्यवस्थापन समितिसग समन्वय गरी पर्यटकहरूलाई बसोवासको व्यवस्था गर्नुपर्ने छ।
- चलन चल्तीको वा निर्धारित मुल्यभन्दा बढी मूल्य लिनु हुदैन ।
- स्थानीय सामाजिक सांस्कृतिक वातावरणलाई असर पर्ने खालका क्रियाकलापहरू गर्नु गराउनु हुदैन ।
- यो प्रमाणपत्र तथा अनुसुचि ४ बमोजिमको आचारसंहिता सबैले देख्ने स्थानमा राख्नु पर्दछ ।
- व्यवस्थापन समितिसग समन्वय गरि प्रतिवेदन बुझाउनु पर्नेछ ।
- यो प्रमाणपत्र प्रत्येक १/१ वर्षमा नविकरण गराउनु पर्नेछ ।

## अनुसुची ४
## दफा ९(ण) सँग सम्बन्धित
## पाहुनाको लागि आचारसंहिता

१. होमस्टे व्यवस्थापकसँग नभएका खानेकुरा र पेय पदार्थ तथा अन्य नभएका सुविधाहरू माग गर्नु हुँदैन ।
२. स्थानीय जनताहरूको घरभित्र वा बाहिर समुदायमा बाधा पुग्ने कार्य गर्नु हुँदैन ।
३. स्थानीय जनताको योग्यता वा क्षमताभन्दा बाहिरको कुनै पनि कुराहरू लेनदेन गर्नु हुँदैन।
४. स्थानीय जनता समुदायलाई असर पर्ने खालका अमानविय गतिविधिहरू ; जस्तैः- यौनजन्य दुव्यवहार, बालबच्चा बेचविखन, महिलामाथि दुव्यवहार आदि कार्यहरू गर्नु हुँदैन ।
५. स्थानीय जनसमुदायको कला, संस्कृति, संस्कार तथा धार्मिक गतिविधिहरूको सदैव सम्मान गर्नु पर्दछ ।
६. अमानवीय कृयाकलाप वा अवैध गतिविधि स्थानीय जनता वा घर मालिकलाई दवाव दिनु वा उस्काउनु हुँदैन । घरायसी समय तालिकाअनुसार आउने जाने समयको ख्याल गर्नु पर्दछ ।
७. अवैध लागु पदार्थ वा औषधिको प्रयोग सेवन कारोवार आलि कार्यमा संलग्न हुनु हुँदैन । किनकी यस्ता गतिविधिहरू कानुनद्वारा बर्जित गरिएका हुन्छन् ।
८. स्थानीय पर्यावरण तथा वातावरणको सदैव सम्मान गर्नु पर्दछ ।

# अनुसुची ५

## दफा ९ उपदफा (ठ) सँग सम्बन्धित

## आ.व. को वार्षिक प्रतिवेदन

## श्री बूढानीलकण्ठ नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

## हात्तीगौडा, काठमाण्डौ ।

**होमस्टेको नामः**

**ठेगानाः**

**सामुदायिक होमस्टे भए आवद्ध संख्याः**

**दर्ता नम्बरः**

**दर्ता मितिः**

**१.पर्यटन आवागमन संख्या र आय विवरण**

| सङ्ख्या | महिना | पर्यटक संख्या | प्रमुख कामहरू | प्रमुख मुलुक | मासिक आय | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |

२. होमस्टे मार्फत पुऱ्याएको सेवा सुविधाहरू

३. प्रचार प्रसारको विवरण

४. आय व्ययको वार्षिक लेखापरिक्षणको प्रतिवेदन

नाम थरः

पदः

दरखस्तः

मितिः

## अनुसुची ६

### होमस्टे अनुगमन फारम

(दफा १० सँग सम्बन्धित)

१. होमस्टे नामः

२. ठेगानाः

३. अध्यक्षको नामः

४. टेलिफोन नं.:

५. कार्यालय प्रमुखको नामः

६. सम्पर्क नं.:

७. कार्य समिति सङ्ख्याः

८. होमस्टेको प्रकारः

होमस्टे सञ्चालन भएका घर धनिको नामः

१)

२)

३)

४)

५)

६)

होमस्टेको स्थिति:

सं.
छ छैन कैफियत

१. सहज पहुँचको लागि बाटोको प्रबन्ध भएको ……………………

२. पाहुनाको लागि कम्तिमा एउटा अलग्गै कोठा भएको …………………………

३. एउटा घरमा बढिमा ४ कोठा मात्र पर्यटकलाई छुट्टाएको ………………

४. एउटा कोठामा २ वटा मात्र ओछ्यान रहेको ……………………………

५. भुईमा कार्पेट वा राडी वा गुन्द्रि ओछ्याएको…………………………

६. ढोकामा खुट्टा पुछ्ने डोर म्याट भएको………………………………

७. नरम खालको सेतो तन्ना र सेतै खोल भएको ओड्ने भएको ………………………

८. उपयुक्त ठाउँमा कपडा झुण्डाउने व्यवस्था भएको ……………………………………

९. कोठामा बिजुली बत्ती वा लालटिन वा मैन बत्ती आदिको प्रयाप्त व्यवस्था भएको.................

१०. सुत्ने कोठामा धुँवा नआउने व्यवस्था भएको ...............

११. सुत्ने कोठामा राम्रा राम्रा दृष्य र सांस्कृतिक झल्कने तस्विरहरू रहेको..............

१२. फोहर राख्ने टोकरी (डस्टविन) को व्यवस्था भएको.........................

१३. प्रत्येक पाहुनाको लागि एक जोर चप्पलको व्यवस्था भएको ..................

१४. भित्तामा एउटा अर्धकद देखिने ठूलो ऐनाको व्यवस्था भएको........................

१५. आचार संहिता प्रष्ट देखिने गरि उपयुक्त स्थानमा राखेको...............

१६. सुविधा युक्त अपाङ्ग तथा बालमैत्री र सफा शौचालय .........................

१७. स्नान घरको व्यवस्था भएको ................................

१८. स्नान घरमा पानीको बाल्टिन, मग, साबुन, रुमाल जस्ता आधारभुत व्यवस्था .............

१९. पाहुना राख्ने घर कोठा नजिक गाई, भैसी, बाख्रा, सुगुँर, कुखुरा बाधेको वा पालेको............

२०. पानीको व्यवस्था र खानेपानीको फिल्टर गरेर वा तताएर खाने व्यवस्था भएको ...........

२१. स्थानीय खानाका परिकारहरू स्वास्थ्यकर ढंगदे पकाउने र खुवाउने प्रवन्ध ..........

२२. खानाको विवरण तथा मुल्य निर्धारण गरिएको विवरण ........................

२३. बास बस्ने कोठा लामखुट्टे, किरा आदिबाट सुरक्षित भए नभएको.................

२४. सामुदायिक रूपमा प्राथमिक उपचारको व्यवस्था भए नभएको...................

२५. यथा सम्भव एउटै प्रकृतिको रंगरोगन भए नभएको ......

२६. होमस्टे सञ्चालकको राय ............................

निरिक्षकको राय

अनुगमन कर्ताहरूको नाम र दरखस्त

नामः

पदः

दरखस्तः

नामः

पदः

दरखस्तः

नामः

पदः

दरखस्तः

संस्थाको तर्फबाट सर्भेक्षण गर्दाको बखतमा उपस्थितको

नामः

पदः

दरखस्तः

आज्ञाले

प्रमाणिकरण मितिः **२०७९।०७।०४**

भुवनेश्वर लामिछाने

प्रमुख प्रशासकीय अधिकृत

# बूढानीलकण्ठ नगरपालिका

**बूढानीलकण्ठ नगरकार्यपालिकाको कार्यालयद्वारा प्रकाशित**

# स्थानीय राजपत्र

**खण्डः- ५ संख्याः- १ मितिः- २०७९/०७/०६**

## भाग-२

# बूढानीलकण्ठ नगरपालिकाको होमस्टे सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७८

**बूढानीलकण्ठ नगरपालिका**
**हात्तीगौँडा, काठमाण्डौ**
**बागमती प्रदेश, नेपाल ।**

**प्रकाशक :** **बूढानीलकण्ठ नगरपालिका**
**हात्तिगौंडा, काठमाडौं**
**बागमती प्रदेश**

**फोन नं. :** **०१-४३७२७२५**

**इमेल :** **budhanilkanthamun@gmail.com**

**वेवसाइट :** **www.budhanilkanthamun.gov.np**

**मूल्य :** **रू १००।-**